महालेखापरीक्षकको
वार्षिक लेखापरीक्षण प्रतिवेदन
२०७८

याङवरक गाउँपालिका,
पाचँथर

महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
प्रदेशिक लेखापरीक्षण महानिर्देशनालय
प्रदेश नं. २

Phone : 4258174
4266034
4255707
A.G.Fax : 977-1-4268309
Fax : 977-1-4262798
Post Box : 13328
बबरमहल, काठमाण्डौं, नेपाल
Babar Mahal, Kathmandu, Nepal

पत्र संख्या: २०७८/७९

च.नं. २००

मितिः २०७८/५/४

श्री अध्यक्षज्यू,
याङवरक गाउँपालिका,
गाउँ कार्यपालिकाको कार्यालय,
पाँचथर।

विषयः लेखापरीक्षण प्रतिवेदन ।

नेपालको संविधानको धारा २४१ बमोजिम त्यस कार्यपालिकाको आर्थिक वर्ष २०७६।७७ को लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) बमोजिम यो प्रतिवेदन जारी गरिएको छ । उक्त प्रतिवेदन लेखापरीक्षण ऐन, २०७५ को दफा २०(३) र दफा २२ प्रयोजनको लागि अनुरोध छ ।

(नेत्र कुमार खत्री)
नायव महालेखापरीक्षक

महालेखापरीक्षकको भनाई



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखापरीक्षण नियमितता, मितव्ययीता, कार्यदक्षता, प्रभावकारीता र औचित्यको आधारमा महालेखापरीक्षकबाट हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक गाउँपालिका र नगरपालिकाको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्था बमोजिम स्थानीय तहको आर्थिक वर्ष २०७६।७७ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ ।

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, सरकारी लेखापरीक्षण मानदण्ड, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र निकायसँग सम्बन्धित ऐन, नियमको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको प्रमुख उद्देश्यहरुमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानूनको पालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी र जवाफदेहिता एवं सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु रहेको छ । त्यसैगरी स्रोत साधनको प्राप्ती र उपयोग सम्बन्धमा प्रचलित कानूनको पालना भए नभएको विश्लेषण गरी वित्तीय व्यवस्थापन सुधारका लागि सुझाव प्रस्तुत गरी सुशासन प्रवर्द्धनमा टेवा पुर्‍याउनु लेखापरीक्षणको उद्देश्य रहेको छ ।

आर्थिक वर्ष २०७६।७७ को लेखापरीक्षण सम्पन्न भएपश्चात जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका विषयहरु मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर राय सहितको अन्तिम प्रतिवेदन पठाइएको छ । प्रतिवेदनमा दिएका सुझावहरुको कार्यान्वयनबाट स्थानीय तहमा रहेको सीमित स्रोत साधनको उपयोग गरी विकास निर्माण र सेवा प्रवाहमा मितव्ययीता, दक्षता र प्रभावकारिता हासिल गर्न सहयोग पुग्ने अपेक्षा गरिएको छ । फलस्वरुप स्थानीय तहको कार्यसम्पादनमा जवाफदेहिता र पारदर्शीता प्रवर्द्धन हुने विश्वास लिइएको छ ।

लेखापरीक्षणबाट मूलतः आन्तरिक आय र राजस्व बाँडफाँटको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आय ठेक्का व्यवस्थापन स्पष्ट कानूनी ब्यवस्था नभएको, आय सङ्कलन न्यून रहेको, पर्याप्त आधार बेगर राजस्व छुट दिएको, बक्यौता असुलीमा प्रभावकारीता नआएको, बजेट अनुशासन कमजोर रहेको, अबण्डा बजेट राखेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरी अनुमोदन गर्ने गरेको, वर्षान्तमा बढी खर्च गरेको, खरिद कानून विपरीत सोझै खरिद गरेको, अत्यधिक प्रशासनिक खर्च गरेको, बचत अनुदान फिर्ता नगरेको, वितरणमुखी खर्चको बाहुल्यता रहेको जस्ता प्रवृत्ति देखिएका छन् । त्यसैगरी विकास निर्माणतर्फ योजना प्राथमिकीकरण नगरेको, साना तथा टुक्रे आयोजनाको छनौट गरेको, जटिल प्रकृतिका कार्यहरु समेत उपभोक्ता समितिबाट गराएको, तोकिएबमोजिम जनसहभागिता नजुटेको, दीगो विकासका लक्ष्य अनुरुप योजना र कार्यक्रम तर्जुमा नगरेको, दीर्घकालीन विकासको खाका तर्जुमा नभएको जस्ता समस्या रहेका छन् ।

स्थानीय तहको आन्तरिक व्यवस्थापनतर्फ आवश्यक अनुभवी र दक्ष जनशक्तिको कमी रहेको, कर्मचारी नियुक्ती तथा बढुवामा प्रदेश लोकसेवा आयोगको परामर्श नलिएको, सेवा प्रवाहमा अपेक्षित सुधार हुन नसकेको, स्रोत, साधन र सम्पत्तिको दुरुस्त अभिलेख नरहेको, सञ्चालित योजना, कार्यक्रम, सेवा प्रवाहको अभिलेख नराखेको, बैंक हिसाब विवरण तयार गर्ने नगरेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहेको छ । साथै आन्तरिक लेखापरीक्षण भरपर्दो र प्रभावकारी नभएको पाइएको छ । स्थानीय तहमा लेखा समितिको गठन, कार्यक्षेत्र, लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजू फछ्र्यौट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा हुन बाँकी रहेको पाइएको छ । लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरु सुधार गरी गत विगतका बेरुजू उपर अपेक्षितरुपमा आवश्यक कारवाही भए गरेको समेत देखिएन ।

समय र जनशक्तिको सीमितताको बावजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गरिएको थियो । लेखापरीक्षणको क्रममा लेखापरीक्षण टोलीले स्थानीय तहका प्रमुख सहितका पदाधिकारीहरुसँग छलफल समेत गरिएको थियो । लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापन, भौतिक पूर्वाधार र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुर्‍याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरु र लेखापरीक्षण तथा प्रतिवेदन तयारीमा संलग्न यस कार्यालयका कर्मचारीहरु सबैलाई धन्यवाद ज्ञापन गर्दछु ।

(टंकमणि शर्मा, दंगाल)

२०७८ भाद्र ४ गते

महालेखापरीक्षक

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
प्रदेशिक लेखापरीक्षण महानिर्देशनालय
प्रदेश नं. १ र २

Phone : 4258174
4266034
4255707
A.G.Fax : 977-1-4268309
Fax : 977-1-4262798
Post Box : 13328
बबरमहल, काठमाण्डौं, नेपाल
Babar Mahal, Kathmandu, Nepal

पत्र संख्याः २०७८/७९ (प्रदेश नं.१ र प्रदेश नं.२ लेखापरीक्षण महानिर्देशनालय)

च.नं.: १९९ मितिः२०७८।५।४

श्री अध्यक्षज्यू,
याङवरक गाँउपालिका,
गाउँ कार्यपालिकाको कार्यालय,
पाँचथर ।

विषयः लेखापरीक्षण प्रतिवेदन ।

कैफियत सहितको राय

हामीले याङवरक गाँउपालिकाको आर्थिक वर्ष २०७६।७७ को वित्तीय विवरण र त्यससँग सम्बन्धित आयव्यय विवरण तथा लेखा टिप्पणीहरुको लेखापरीक्षण गरेका छौं ।हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेश भएको २०७७ आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७६।७७ को वित्तीय विवरण र त्यससँग सम्बन्धित आयव्यय विवरणले स्थानीय तहसँग सम्बन्धित प्रचलित कानून र परम्परा बमोजिम सारभूत रुपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ ।

कैफियत सहितको राय व्यक्त गर्ने आधार

१. लेखापरीक्षणमा देखिएका व्यहोराहरुका सम्बन्धमा मिति २०७७।१०।११ मा जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रिया सहितका प्रमाण कागजातका आधारमा फछ्र्यौट भएका दफाहरु हटाई कायम व्यहोराको अन्तिम प्रतिवेदन पाना १८ यसैसाथ संलग्न छ ।
२. लेखापरीक्षणबाट रु. ८ लाख ९ हजार बेरुजू देखिएको छ । सोमध्ये असुल गर्नुपर्ने रु. १ लाख ४६ हजार, प्रमाण कागजात पेश गर्नुपर्ने रु. ६ लाख ६३ हजार रहेको छ ।
३. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षणमान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानून बमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं । त्यसका लागि स्वीकृत आचारसंहिता अनुसार हामीले काम गरेका छौं । लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरु हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ ।

वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकृतको जिम्मेवारी

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन २०७६ र स्थानीय सरकार सञ्चालन ऐन २०७४ तथा अन्य प्रचलित कानून बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय विवरण सारभूत रुपमा गलत आँकडा रहित स्वरुपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागु गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ । गाउँ कार्यपालिका, अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत गाउँपालिकाको वित्तीय प्रतिवेदन प्रकृयाको अनुगमनका लागि जिम्मेवार रहेका छन् ।

वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ती समेतका कारण सारभूत रुपमा गलत आँकडा रहित रहेको होस् भनी उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो । लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षणमान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानून बमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ती पत्ता लगाउने सक्ने निश्चितता भने हुँदैन । वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तीलाई सारभूत रुपमा गलत आँकडा मानिएको छ ।

(नेत्र कुमार खत्री)
नायब महालेखापरीक्षक

लेखापरीक्षण प्रतिवेदन

२०७६।७७

परिचय –स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको सञ्चालन गर्ने उद्देश्यले यस गाउँपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले सञ्चालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु गाउँपालिकाको उद्देश्य रहेको छ । यस गाउँपालिका अन्तर्गत ६ वडा, ३३ सभा सदस्य, २०८.६३ वर्ग किलोमिटर क्षेत्रफल तथा १८१४ जनसंख्या रहेको छ ।

स्थानीय सञ्चित कोष – आर्थिक वर्ष २०७६।७७ को स्थानीय सञ्चित कोष आय व्यय हिसाबको संक्षिप्त अवस्था निम्न बमोजिम रहेको छ ।

पालिकालाई एकिकृत वार्षिक संकेत तथा वर्गीकरण र व्याख्या २०७४ स्वीकृत भएको नेपाल सार्वजनिक क्षेत्र लेखामान (NPSAS) बमोजिमका फारामहरु सहितको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म ले प फा नं २७२) अनुसार पालिकाको यस वर्षको आय व्यय विवरण निम्नानुसार रहेको छ ।

आर्थिक कारोबारको स्थिति
२०७६/०७७

विवरण	टिप्पणी	यस वर्ष रु.				गतवर्ष रु.		
		बजेट	आफैले गरेको प्राप्ति/भुक्तानी	वस्तुगत/सो झै भुक्तानी	जम्मा	आफैले गरेको प्राप्ति/भुक्तानी	वस्तुगत/सो झै भुक्तानी	जम्मा
प्रासी (क+ख)		४४,००,५४,४३६	३७३३६५८८४.५	२१,०००	३७३३८६८८४.५			
क. प्राप्ति (सञ्चितकोषमा आम्दानी बाँधिने)		३८,२७,३३,०००	३२,३९,५९,९५०.५०	२१,०००	३२,३९,८०,९५०.५०	०	०	०
११००० कर	११	७,७०,६०,८४९	४५८५०८५२.२३	०	४,७७,५१,९३२.४९	०	०	०
१३००० अनुदान		३०,२७,३९,०००	२७,३५,५३,७८०.२०	२१,०००	२७,३५,७४,७८०.२०	०	०	०
संघीय सरकार	१२	२५,६०,०८,०००	२३,३२,५१,७२१.२०	२१,०००	२३,३२,७२,७२१.२०	०	०	०
प्रदेश सरकार	१२	४,४७,०९,०००	३,९७,७७,०५९	०	३,९७,७७,०५९	०	०	०
अन्तरिक श्रोत	१२	२०,२२,०००	५,२५,०००	०	५,२५,०००	०	०	०
१४००० अन्य राजस्व		२९,३३,१५१	४५५५३१८.०७	०	२६,५४,२३७.८१	०	०	०
ख. अन्य प्राप्ति		५,७३,२१,४३६	४९४०५९३४.०		४९४०५९३४.०			
वितरण गर्न बाकी राजस्व		०	०	०	०	०	०	०
कोषहरु		५४,५९,००९	५४,१८,४६९	०	५४,१८,४६९	०	०	०
धरौटी		०	९६०६६०.०	०	९६०६६०.०	०	०	०
संघीय, प्रदेश सरकार वा अन्य कार्यक्रम		५,१८,६२,४२७	४,३०,२६,८०५	०	४,३०,२६,८०५	०	०	०
भुक्तानी (ग+घ)		४४,६०,५४,४३६	३४,७६,२४,५०८.६०	२१,०००	३४,७६,४५,५०८.६०			
ग. भुक्तानी (सञ्चित कोषबाट)		३८,८७,३३,०००	३०,१८,२०,८८१.६०	२१,०००	३०,१८,४१,८८१.६०			
२१००० पारिश्रमिक / सुविधा	१८	१४,०८,२१,९९५.५०	१२,७३,०१,६१२.६०	०	१२,७३,०१,६१२.६०	०	०	०
२२००० मालसामान तथा सेवाको उपयोग	१८	४,०३,६७,००४.५०	२,६७,९३,०८२	२१,०००	२,६८,१४,०८२	०	०	०

२५००० सहायता (Subsidy)	१८	२,२३,७१,०००	१,७४,५१,९७१	०	१,७४,५१,९७१	०	०	०
२६००० अनुदान	१८	१,४७,४६,०००	७०,४०,२१४	०	७०,४०,२१४	०	०	०
२७००० सामाजिक सुरक्षा	१८	२४,८५,०००	२०,९४,४९३	०	२०,९४,४९३	०	०	०
२८००० अन्य खर्च	१८	१०,५०,०००	१०,२५,१७५	०	१०,२५,१७५	०	०	०
३१००० गैर वित्तीय सम्पत्ती / पुँजीगत खर्च	१८	१६,६८,९२,०००	१२,०१,१४,३३४	०	१२,०१,१४,३३४	०	०	०
घ. अन्य भूक्तानी		५,७३,२१,४३६	४,५८,०३,६२७		४,५८,०३,६२७			
कोषहरु		५४,५९,००९	२५,६७,५२२	०	२५,६७,५२२	०	०	०
धरौटी		०	२,०९,६७५	०	२,०९,६७५	०	०	०
संघीय, प्रदेश सरकार वा अन्य कार्यक्रम		५,१८,६२,४२७	४,३०,२६,८०५	०	४,३०,२६,८०५	०	०	०
कट्टी रकम भुक्तानी/दाखिला गर्न बाकी			-३७५		-३७५			
ङ. यो वर्षको बचत (न्युन)			२३६९३७४९.९		२३६९३७४९.९			
च. गतवर्षको जिम्मेवारी रकम (अ.ल्या)					५,४९,३९०			
सचित कोष			१५५२२७.०६		१५५२२७.०६			
धरौटी			५४९३९०.००		५४९३९०.००			
कोषहरु			१३४३००९.००		१३४३००९.००			
वर्षान्तको बाकी रकम (ङ + च)			२,५७,४१,३७५.९०		२,५७,४१,३७५.९०			

दफा	लेखापरीक्षणबाट देखिएका व्यहोरा	बेरुजू रकम
	लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन जारी भए पश्चात रु. ८८४० असुल भई विभिन्न सञ्चित कोषमा दाखिला भएको छ ।	
	वित्तीय विवरण विश्लेषण	
१.	**वित्तीय विवरण** – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७२ मा गाउँपालिकाले प्रत्येक वर्षको साउन एक गतेदेखि आगामी वर्षको असार मसान्तसम्मको अवधिलाई आर्थिक वर्ष कायम गरी आय र व्ययको हिसाब राख्नुपर्दछ। सोही ऐनको दफा ६९ मा तोकिए अनुसार गाउँपालिकाले आफ्नो आर्थिक कार्य प्रणालीको व्यवस्थापन गर्नुपर्दछ। यस सम्बन्धमा देखिएका व्यहोरा देहाय बमोजिम छन् । • कतिपय सम्बन्धित आर्थिक कारोबारहरुको गोश्वरा भौचर बजेट शिर्षकगत बैंक नगदी किताबमा नजनाएकाले श्रेस्ता अनुसार बैंक मौज्दात ऋणात्मक रहेको तथा स्थानीय तहका सबै खाताहरुको एकमुष्ट हिसाब गर्दा मौज्दात ऋणात्मक नरहेको स्थिति छ । त्यसैले तोकेबमोजिमका वित्तीय विवरणहरु तथा खाताहरु अद्यावधिक गरी आय र व्ययको वास्तविक स्थिति देखिने गरी लेखाङ्कन गर्नुपर्दछ ।	
२.	**आर्थिक कारोबार** – यस पालिकामा यस वर्ष रु.३७३३८६८८४ आय भएकोमा २०७७ असार मसान्त सम्म रु.३४७६४५५०८ खर्च भई रु.२३६९३७४९ मौज्दात रहेको छ । गत वर्षको मौज्दात समेत बर्षान्तमा सञ्चित कोष र अन्य कोष रु.२५७४१३७५ रहेको देखियो ।	
३.	**आन्तरिक नियन्त्रण प्रणाली -** स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ बमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागु गर्नुपर्नेमा लागु गरेको पाईएन। यस सम्बन्धमा देखिएका अन्य व्यहोराहरु तपशिल बमोजिम रहेका छन । • वडाहरु र पालिकाका एकै प्रकृतिका योजना तथा कार्यक्रमहरु सञ्चालन गर्दा (विउ विजन खरीद पाडा सुगुर गाइ खरीद,कृषि सामान खरिद , सोलार खरिद, फर्निचर खरिद र सडक पुर्वाधार) विभिन्न अनुगमनकारी निकायका निर्देशन परिपत्र र प्रतिवेदन अनुसार एकीकृत प्याकेज बनाई मितव्ययी, प्रतिस्पर्धी र दक्षतापूर्ण ढङ्गबाट कार्यान्वयन गर्नुपर्नेमा सो बमोजिम गरेको देखिएन । • स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क सङ्कलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्ने सो गरेको पाईएन । • पालिकाले एक आर्थिक वर्षको अन्त्य भित्र भएको आफ्नो आर्थिक कारोवारको अनुसुची १४ वमोजिम ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको पाईएन । • स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क सङ्कलन, अभिलेखाङ्कन र व्यवस्थापन गर्नुपर्ने सो गरेको पाईएन । • पालिकाले एक आर्थिक वर्षको अन्त्य भित्र भएको आफ्नो आर्थिक कारोवारको अनुसुची १४ बमोजिम ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको पाईएन । • पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन । साथै पालिकाबाट यस वर्ष सञ्चालित कार्यक्रम तथा योजनाको कार्यान्वयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको	

प्रगति तयार गरेको पाईएन।

- कार्यालयको स्रेस्ता र बैंक बीचको हिसाब फरक परे वा नपरेको सम्बन्धमा बैंक हिसाब मिलान विवरण तयार नगरेको कारण हिसाब मिलान भए नभएको सम्बन्धमा एकिन गर्न सकिएन ।
- अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिम मध्यकालीन खर्चको संरचना तयार गरेको पाईएन ।
- विषयगत क्षेत्रमा सञ्चालन हुने कार्यक्रममा बैठक भत्ता, भ्रमण भत्ता, तालिम, गोष्ठीतर्फ बढी केन्द्रित भई वितरणमूखी रहेको पाईयो।
- पालिकाले जिन्सी सामानको एकीकृत विवरण तथा सहायक जिन्सी खाता अध्यावधिक नगरी वडा कार्यालय तथा विभिन्न संघ संस्थालाई वितरण गरेको पाईयो ।
- वडा कार्यालयमा रहेका जिन्सी समान सहितको अभिलेख देखिने गरी पालिकाको मूल जिन्सी खाता अध्यावधिक गरेको पाईएन ।
- जिन्सी निरीक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा गरेको पाईएन ।
- मूल्य अभिवृद्धि कर नियमावली २०५३ को नियम ६ क मा ठेक्का सम्झौता र कर भुक्तानीको जानाकारी सम्वन्धित आन्तरिक राजस्व कार्यालयलाई नदिई आर्थिक वर्षको अन्तमा मात्र दिइएको तथा इ टीडिएस गरेको देखिएन ।
- कार्यालयले उद्देश्य प्रासिमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान गरी निराकरणको प्रयास गरेको अभिलेख नराखेको ।
- कुनै रकमको भुक्तानी दिंदा रित पुगेको वा नपुगेको जाँच गरी रसिद बिल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखी कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा सो अनुसार गरेको पाईएन ।
- सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ र ८ मा खरिदको गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा तयार गरेको पाईएन।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १३ बमोजिम आर्थिक वर्ष शुरु. हुनुभन्दा पन्ध्र दिन अगावै पालिकाले आफ्नो क्षेत्रभित्रको निर्माण सामाग्री मूल्य, ज्याला, भाडा तथा अन्य महशुलको स्थानीय न्युनतम दररेट तोक्नु पर्नेमा तोकेको पाईएन।
- ठेक्काहरुको विस्तृत विवरण देखिने गरी ठेक्का खाता र कन्टिन्जेन्सी खाता राखेको पाईएन।
- सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाईएन ।
- संस्था दर्ता ऐन, २०३४ दफा ३ पालिकाबाट सञ्चालन भएका विभिन्न योजना निर्माण कार्य गर्न सम्झौता गठन गरेका उपभोक्ता समिति ऐनको उक्त व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरेको पाइएन ।
- सञ्चालित योजनाको सूचना पाटीमा आय–व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्नेमा आंशिक पालना भएको पाइयो ।
- वातावरणको संरक्षणको एकिकृत दिर्घकालीन योजना तयार नगरेको
- पालिकाको विकास निर्माण व्यवस्थापन तथा सेवा प्रवाहका लागि आवश्यक प्राविधिक तथा

प्रशासनिक कर्मचारीको अभाव रहेको पाईयो ।

- सुशासन व्यवस्थापन तथा सञ्चालन नियमावली २०६५ अनुसार नागरीक वडापत्रमा उल्लेखित सेवाहरुको कार्यान्वयन स्थिति अनुगमन गर्न अनुगमन संयन्त्र तयार गरेको पाइएन ।
- निजामती सेवा ऐन, २०४९ बमोजिम कार्य विवरण बनाई लागु गरेको पाईएन ।
- पालिकाले विद्यालयमा रकम निकासा गर्दा विद्यालयगत निकासा प्रष्ट देखिने गरी खाता राखेको देखिएन ।

तसर्थ, पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकिए बमोजिम प्रभावकारी र विश्वासनीय बनाई सेवा प्रवाह सुदृढ बनाउनेतर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

बजेट तथा कार्यक्रम

४. **बजेट पेश, पारित र अख्तियारी -** स्थानीय तह सञ्चालन ऐन, २०७४ को दफा ७१ म स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहमा उपाध्यक्ष श्री कमल कुमारी योङहाङ ले मिति २०७६।३।१० गते रु. ३५६२९०९१२ को बजेट सभा समक्ष पेश गरेकोमा मिति २०७६।३।१० मा पारित भएको छ । यसैगरी स्थानीय तहका प्रमुखले २०७६।४।१ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ । कानूनले तोकेको समयमा आय र व्ययको अनुमान पेश गरी पारित गर्ने र अख्तियारी दिनेतर्फ ध्यान दिनुपर्दछ ।

५. **चौमासिक पुँजीगत खर्च -** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २३ बमोजिम स्वीकृत भएको कार्यक्रममा नियम २५ बमोजिम चौमासिक प्रगति विवरण बनाई पेश गर्नुपर्ने र चौमासिक कार्य लक्ष्य तथा कार्यक्रम बमोजिम कार्यसम्पादन सम्पन्न गरी कार्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । कार्यालयले उपलव्ध गराएको विवरण अनुसार चौमासिक पुँजीगत खर्चको स्थिति देहाय बमोजिम छ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप अषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।

कुल खर्च	चौमासिक खर्च			
	प्रथम चौमासिक	दोस्रो चौमासिक	तेस्रो चौमासिक	अषाढ महिना
२९१२७८१५९.२०	४८७३२५७७	६९७७५११६	१७२७७०४८४.२०	९७५५४०२१
१००	१७	२४	५९	३४

६. **पुँजीगत खर्च विधि -** कार्यालयबाट पेश भएको विवरण अनुसार पुँजीगत खर्च देहाय अनुसार गरेको पाइयो ।

रु. हजारमा

खर्च रकम	
सिलबन्दी दरभाउपत्र	उपभोक्ता समिति वा लाभग्राही समुदाय
३७४१	५३१११
जम्मा	५६८५२

कुल खर्च मध्ये ९३ प्रतिशत उपभोक्ता समितिबाट खर्च गरेकोले प्रतिष्पर्धात्मक विधिबाट खरिद गर्ने तर्फ पालिकाको ध्यान पुग्नु पर्दछ ।

७. **खरिद योजना** - सार्वजनिक खरिद ऐन, २०६३ को दफा ६ बमोजिम सार्वजनिक निकायले तोकिए बमोजिम खरिदको गुरुयोजना तथा वार्षिक खरिद योजना तयार गर्नुपर्ने व्यवस्था छ । कार्यालयले सो अनुरुप खरिद योजना बेगर रु. ५६८५२००० खरिद गरेको पाइएकोले ऐन तथा नियमावलीमा तोके बमोजिम गुरु. योजना तथा वार्षिक खरिद योजना बनाउने र सो बमोजिम खरिद कार्य व्यवस्थापन गर्नेतर्फ पालिकाले ध्यान दिनु पर्दछ ।

८. **खरीद सम्झौता** - आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २०(३) अनुसार प्रथम चौमासिक अवधिमा ठेक्का सम्झौता गर्नुपर्ने स्पष्ट व्यवस्था भएकोमा पालिकाले देहाय अनुसार तेश्रो चौमासिकमा ६६ वटा कामको रु.१२३२९९१२० को ठेक्का सम्झौता गरेको पाइएकोले कानूनमा उल्लेखित व्यवस्थाको पालना भएको नदेखिएकोले कानून मा उल्लेखित व्यवस्थाको पालना गर्नेतर्फ गाउँपालिका व्यवस्थापनको ध्यान पुग्नु पर्दछ ।

कार्यक्रमको नाम	खरिद सम्झौता									
	जम्मा		प्रथम चौमासिक		दोस्रो चौमासिक		तेस्रो चौमासिक		आषाढ महिनाको मात्र	
	सङ्ख्या	रकम	सङ्ख्या	रकम	सङ्ख्या	रकम	सङ्ख्या	रकम	सङ्ख्या	रकम
उपभोक्ता समिति द्वारा	११८	४४६९५०००	१६	६२५७३००	४३	१६०९०२००	५९	२२३४७५००	९	३१२८६५०
ठेक्का द्वारा	४	९८०९७२११	—	—	—	—	४	९८०९७२११	४	९८०९७२११
कोटेशन	३	२८५४४०९	—	—	—	—	३	२८५४४०९	३	२८५४४०९
जम्मा	१२५	१४५६४६६२०	१६	६२५७३००	४३	१६०९०२००	६६	१२३२९९१२०	१६	१०४०८०२७०

९. **आन्तरिक ऋण —** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६८ बमोजिम गाउँपालिकाले वित्त आयोगको सिफारिसमा सम्बन्धित सभाबाट स्वीकृत गरी उत्पादनशील, रोजगारमूलक, आन्तरिक आयवृद्धि तथा पुँजीगत कार्यका लागि आन्तरिक ऋण लिन सक्ने व्यवस्था छ । यस गाउँपालिकाले यो वर्ष आन्तरिक ऋण लिएको देखिएन ।

१०. **योजना छनौट** - स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा २४ को उपदफा ४ अनुसार पालिकाहरुले आवधिक वार्षिक रणनीतिगत विषयको योजना बनाउदा मध्यकाली तथा दीर्घकालीन प्रकृतिका आयोजनाहरुमा लगानी गर्नुपर्ने व्यवस्था छ।त्यस्तै सोही ऐनको दफा २४ को उपदफा १० अनुसार पालिकाले स्थानीयस्तरका विकास आयोजनाको आवश्यक अध्ययन अनुसन्धान तथा प्रभाव मूल्याङ्कन कार्य गर्न सक्नेछ भनी व्यवस्था रहेको छ ।तर पालिकाले १३८ सानो प्रकृतिका रु. ५००००० भन्दा घटीका योजनाहरु अध्ययन अनुसन्धान र प्रभाव मुल्याङ्कन बेगर रु.२२१६०००० को छनौट तथा कार्यान्वयन गरेको देखियो । साना साना योजना वडावाट छनौट गरी कार्यान्वयन गर्ने गरेकोले मध्यकालीन तथा दीर्घकालीन योजना वनाइ मध्यम र ठुला आयोजनाहरु तर्जुमा गरी कार्यान्वयन गर्ने तर्फ ध्यान जानुपर्ने देखिन्छ ।

११. **उपभोक्ता समितिको श्रेस्ता अनुगमन —** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा उल्लेख भए बमोजिम कार्यक्रमको लेखा दुरुस्त राख्ने दायित्व सम्बन्धित उपभोक्ता समितिका प्रमुख, कोषाध्यक्ष र सदस्य सचिवको हुने, लेखा दुरुस्त नराखेको पाइएमा प्रचलित कानून बमोजिम कारबाही हुने एवं भए गरेको कामलाई नगरेको तथा नगरेको कामलाई गरेको सिफारिस गर्ने, नापजाँच प्राविधिक सुपरीवेक्षण गर्ने र अन्तिम मूल्याङ्कन गर्ने कर्मचारीलाई प्रचलित कानून बमोजिम कारबाही हुने व्यवस्था छ । उपभोक्ता समितिले राखेको लेखाको सम्बन्धमा अनुगमन गरेको देखिएन । उपभोक्ता समितिमार्फत भुक्तानी गर्दा आयकर ऐन, २०५८ बमोजिम श्रोतमा अग्रिम आयकर कट्टी गर्नुपर्ने, स्थायी लेखा नम्बर र मूल्य अभिबृद्धि कर दर्ता प्रमाणपत्र भएकासँग खरिद गर्नुपर्ने व्यवस्थाको पालना भएको छैन । उपभोक्ता समितिबाट खरिद गरिएका विभिन्न जिन्सी, निर्माण सामग्री र हेभी मेशिनको भुक्तानीमा अग्रिम आयकर कट्टी गरेकोसमेत देखिएन । उपभोक्ता

	समितिले लेखा नराख्ने, कार्यालयबाट अनुगमन नहुने अवस्थामा आयकर ऐन, २०५८ अनुसार लाग्ने आयकर तथा भुक्तानीमा असुली गरिने कर रकम निर्माण व्यवसायी तथा आपूर्तिकर्ताबाट छली हुन सक्ने भएकोले अनुगमन गर्नुपर्दछ ।	
१२.	**नक्सा पास —** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २७(१) अनुसार कसैले पनि गाउँपालिकाबाट नक्सा पास नगराई भवन निर्माण गर्न नहुने व्यवस्था छ । तर यो वर्ष गाउँपालिकामा नक्सा पास सम्बन्धि कामकारबाही भएको छैन । त्यसैले तोके बमोजिम संरचना निर्माण गर्नुपूर्व गाउँपालिकाबाट नक्सापास गर्ने व्यवस्थाको कार्यान्वयनमा ध्यान दिनुपर्दछ ।	
१३.	**प्रशासकीय संगठन र कर्मचारी व्यवस्थापन** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ। पालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित २९ दरबन्दी स्वीकृत रहेकोमा लेखापरीक्षण अवधिसम्म प्रमुख प्रशासकीय अधिकृत सहित १० जना पदपूर्ति भएको देखिन्छ। लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार कार्य व्यवस्थापनका दृष्टिकोणले महत्वपूर्ण मानिएका प्रशासकीय अधिकृत, इन्जिनियर, जनस्वास्थ्य अधिकृत सहित १९ पदहरु रिक्त रहेका छन्। दरबन्दी बमोजिम जनशक्तिको पूर्णता नहुँदा विषयगत कार्यक्रम सञ्चालन, सेवा प्रवाह तथा पालिकाको समग्र कार्यसम्पादनमा असर परेको स्थिति छ । तसर्थ, रिक्त पदहरु यथाशक्य छिटो पूर्ति गरी सेवा प्रवाह प्रभावकारी बनाउनुपर्दछ ।	
१४.	**कानून र सञ्चालन स्थिति** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । जसअनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट ३० नमूना कानूनहरु बनाई उपलब्ध गराएकोमा यस पालिकाले हालसम्म ७ वटा ऐन, ४ वटा नियमावली, १६ कार्यविधि लगायत २८ जटा कानून निर्माण गरी कार्यान्वयनमा ल्याएको छ ।	
१५.	**न्यायिक समिति** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गत वर्ष फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाँकी २ र यो वर्ष थप भएको ४ गरी कुल ६ विवाद दर्ता भएकोमा ५ वटा मात्र फछ्र्यौट भई १ बाँकी देखिन्छ । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउनु पर्दछ ।	
१६.	**महोत्सव तथा अन्य खर्च** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले संस्था, समूह, पर्व, जात्रा, यात्रा, विरामी, संस्कृति लगायतमा आर्थिक सहायता दिन सक्ने कानूनी व्यवस्था गरेको देखिदैन । तर गाउँपालिकाले यस वर्ष उत्सव महोत्सव, धार्मिक, सामाजिक, साँस्कृतिक प्रकृतिका कार्यमा रु.१७१३००० खर्च गरेका छन ।	
१७.	**कल्याण कोष** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ बमोजिम स्थानीय तहले स्थानीय सेवाका आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी जम्मा गर्नुपर्ने व्यवस्था छ । पालिकाले यस वर्ष वित्तीय समानीकरणबाट कर्मचारी कल्याण कोषमा रु.३००००० ।०० ट्रान्सफर गरेको छ ।	
१८.	**व्यवसाय कर** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५८ मा पालिकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउनूपर्ने व्यवस्था रहेको छ। यस वर्ष गाउँपालिकाले व्यवसाय दर्ता तथा नवीकरण शुल्क बापत रु.३२३५९९ कर सङ्कलन गरेकोमा पालिकाको क्षेत्रभित्र रहेका व्यवसायीहरुको अभिलेख अध्यावधिक गरेको छैन। जसबाट पालिकाले सङ्कलन गरेको व्यवसाय कर यथार्थ मान्न सक्ने अवस्था छैन। तसर्थ, पालिकाले आफ्नो क्षेत्र भित्र सञ्चालनमा रहेका सम्पूर्ण व्यवसायीको	

अद्यावधिक अभिलेख राखी करको दायराभित्र ल्याउनु पर्दछ ।

१९. **सेवा प्रवाह —** गाउँपालिकाले पेश गरेको सेवा प्रवाह सम्वन्धि विवरण देहाय अनुसार रहेको छ ।

क.सं.	विवरण	सेवा प्राप्तिका लागि निवेदन संख्या	सिफारिस संख्या
१	नागरिकता सिफारिस	२९१	२८०
२	घरबाटो सिफारिस	१११	१०३
३	नाता प्रमाणित	९६	८९
४	जन्म, मृत्यु दर्ता	जन्म ४५७ मृत्यु ११३	जन्म ४५७ मृत्यु ११३
५	अन्य	१७२५	१७१२

२०. **वन पैदावार** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६२ख मा सामुदायिक वन उपभोक्ता समितिले वन पैदावार बिक्री तथा उपयोगसम्बन्धि आफ्नो वार्षिक कार्ययोजना बनाई गाउँपालिकाबाट स्वीकृत गराउनु पर्ने र वन पैदावार बिक्रीबापत प्राप्त हुने रकमको दश प्रतिशत रकम सम्बन्धित गाउँपालिकाको सञ्चित कोषमा जम्मा गर्नुपर्ने व्यवस्था छ।गाउँपालिकाले सो सम्बन्धि अभिलेख तथा वन कार्ययोजना स्वीकृत गरेको देखिएन।आफ्नो क्षेत्रभित्र रहेका सामुदायिक वनको अभिलेख राखी वन कार्ययोजनाको स्वीकृति तथा वन पैदावारको बिक्रीबाट प्राप्त हुने रकम आम्दानी गर्न पहल गर्नुपर्ने देखिन्छ ।

समानीकरण चालु

२१. **भ्रमण भत्ता** - गाँउ तथा नगरसभाका सदस्यहरुको सुविधा सम्बन्धि ऐन, २०७५ को दफा ८ अनुसार पालिका कार्यपालिकाका अध्यक्ष र उपाध्यक्ष तथा सदस्यले गाउँपालिकाको क्षेत्र वाहिर वास वस्न परेमा क्रमशः ३ दिन र २ दिन सम्मको भ्रमण आदेश अध्यक्ष र उपाध्यक्ष स्वयम्ले स्वीकृत गर्नसक्ने र सो भन्दा बढी दिनको भ्रमण आदेशको लागि कार्यपालिकाको बैठकबाट स्वीकृत वा अनुमोदन गर्नु पर्ने व्यबस्था रहेको छ । यसै गरी दफा ८ अनुसार भ्रमण गर्दा स्वीकृत भ्रमण आदेशमा भ्रमणको उद्देश्य कारण र भ्रमणबाट प्राप्त हुने सम्भावित प्रतिफल समेत उल्लेख गर्नु पर्ने र भ्रमणबाट फर्किएको तीन दिनभित्र भ्रमण बाट प्राप्त उपलब्धिको व्यहोरा सहितको भ्रमण प्रतिबेदन समेत कार्यालयमा पेश गर्नु पर्ने व्यबस्था रहेको छ ।यसैगरी भ्रमण खर्च नियमावली, २०६४ को नियम २१ अनुसार भ्रमणमा खटिने कर्मचारी वा पदाधिकारीले भ्रमण प्रारम्भ गरेपछि तोकिएको ढाँचामा भ्रमण अभिलेख राख्नु पर्ने व्यबस्था रहेको छ ।यसबर्ष गाउँपालिकाका पदाधिकारी तथा कर्मचारीलाई भ्रमणभत्ता खर्च लेखेको देखियो । अध्यक्ष ऐनले तोकेको अवधिभन्दा बढी अबधिको भ्रमण आदेश आफैले स्वीकृत गरेको कार्यपालिकाको बैठक बाट अनुमोदन नगरेको, भ्रमणको उद्देश्य स्पष्ट उल्लेख नगरेको, भ्रमण प्रतिबेदन दिने नगरेको र नियमानुसार भ्रमण अभिलेख राख्ने गरेको देखिएन । कानूनमा तोकिए बमोजिमको प्रक्रिया पालना गर्नु पर्दछ ।

२२. **कृषक पाठशाला -** आइ.पि.एम कृषक पाठशाला सञ्चालन कार्यविधि तथा नर्म्स, २०७५ कृषि विभाग, कृषि प्रसार, निर्देशनालयले तयार गरेको निर्देशिका अनुसार कृषक पाठशाला सञ्चालन **IPM** सहजकर्ता, **IPM** कृषक सहजकर्ता, जनप्रतिनिधि, कृषि विकास शाखा प्रमुख, विषय विषेशज्ञ समेत स्थलमा गएर पालिकाले निर्धारण गरेका पकेट क्षेत्रहरुमा गठन भई सकेका, पुनर्गठन गर्नुपर्ने भए सोही अनुसार पुनर्गठन गरी २ वर्ष कृषक पाठशाला सञ्चालन नभएका कृषक समुहलाई छनौट गरी कृषक पाठशाला सञ्चालन गनुपर्ने र कृषक पाठशाला १६ देखी २० हप्ता एक बाली अवधि भरको हुने उल्लेख गरेको छ ।कार्यालयले कृषक पाठशाला सञ्चालन गर्दा १ जना प्रशिक्षकलाई कृषि वाली अवधि १६ हप्ता वरावरको १ हप्ताको ७०० का दरले रु. ११२०० भुक्तानी गर्नुपर्नेमा ३ जना प्रशिक्षक देखाई नर्म्समा तोकिएको दर भन्दा निम्नानुसार बढी भुक्तानी भएको रु. ३०६००।०० असुल गर्नुपर्ने रु. ३०६००

भौ नं मिति	पाठशाला सञ्चालन भएको समुह	कर्मचारीको नाम	भुक्तानी रकम	बढी भुक्तानी कर पछिको रकम
३०७/०७७।३।२८	समजुङ कृपक समुह	विरेन्द्र काफ्ले	१९२००	६८००
३०७/०७७।३।२८	समजुङ कृपक समुह	युवराज मावो	१४४००	५१००
३०७/०७७।३।२८	समजुङ कृपक समुह	प्रेम सिग्देल	७२००	२५५०
३१५/०७७।३।१	नवज्योति कृषक समुह	विरेन्द्र काफ्ले	१९२००	६८००
३१५/०७७।३।१	समजुङ कृपक समुह	युवराज मावो	१८०००	६३७५
३१५/०७७।३।१	समजुङ कृपक समुह	प्रेम सिग्देल	८४००	२९७५
	जम्मा		८६४००	३०६००

२३. **प्रशिक्षण भत्ता बढी भुक्तानी -** २३७।०७६।१२।२८ समानीकरण चालु ,अर्थ मन्त्रालयको कार्य सञ्चालन निर्देशिका, २०७५ खर्च सम्बन्धि मापदण्डमा सबै प्रकारको तालिम, गोष्ठी, सेमिनार, कार्यशाला सञ्चालन सम्बन्धि खर्चको मापदण्ड रहेको र स्थानीय तह मा आफ्नै निर्देशिका नभएको अवस्थामा यसै बमोजिम खर्च गर्नुपर्ने व्यबस्था छ । यस निर्देशिका बमोजिम गाउँपालिका स्तरमा तालिम सञ्चालन गर्दा प्रशिक्षकले प्रति सेसन कार्यपत्र बापत रु. ८००।०० र प्रवचन बापत रु.७००।०० गरी जम्मा रु.१,५००।०० पाउने व्यबस्था रहेको छ ।त्यस्तै आन्तरिक व्यक्तिले प्रशिक्षण गरे बापत अधिकृत स्तरले कार्यपत्रको मात्र रु.१०००।०० को दरले र सहायकस्तरले रु.८००।०० का दरले भत्ता पाउनुपर्ने व्यवस्था छ । पालिकाले सञ्चालन गरेको देहायको कार्यक्रमहरुमा देहायको प्रशिक्षकहरुलाई तोकिएको भन्दा निम्नानुसारको रकम बढी भुक्तानी गरिएको हुनाले असुल गर्नुपर्ने रु. १२५०८

विवरण	कक्षा सख्या	भुक्तानी रकम	कर बाहेक बढी भुक्तानी रकम
आन्तरिक प्रशिक्षक राम प्रसाद ढकाललाई योजना अभिमुखिकरण कार्यशाला	६	८१००	२८०५
आन्तरिक प्रशिक्षक शरद दाहाल लाई योजना अभिमुखिकरण कार्यशाला	६	८१००	२८०५
आन्तरिक प्रशिक्षक दिपेन्द्र वुढाथोकी योजना	१२	१६२००	५४१०

अभिमुखिकरण कार्यशाला			
आन्तरिक प्रशिक्षक कमल कुमारी योङहाङ लाई योजना अभिमुखिकरण कार्यशाला	५	६७५०	१४८८
जम्मा		**३९१५०**	**१२५०८**

२४. **बढी भुक्तानी -** ७९।०७६।०८।१० समानीकरण चालु गाउँपालिका भित्रै कार्यालय समयमा सञ्चालन गरेको तालिम कार्यक्रममा सहभगी कर्मचारीलाई तालिम भत्ता र पदाधिकारीलाई तालिम अनुगमन भत्ता भनी निम्नानुसारका तालिम कार्यक्रममा भुक्तानी भएको रकम कार्य सञ्चालन निर्देशिका बमोजिम नदेखिएकोले असुल गर्नुपर्ने रु. ७५५०

विवरण	**भुक्तानी रकम**	**कर बाहेक बढी भुक्तानी रकम**
प्रशिक्षार्थी राम प्रसाद ढकाल स्थानिय सञ्चित कोष व्यवस्थापन प्रणाली	३०००	२५५०
प्रशिक्षार्थी कुमारी तमाङ स्थानिय सञ्चित कोष व्यवस्थापन प्रणाली	३०००	२५५०
प्रशिक्षार्थी होम प्रसाद सिंगु स्थानिय सञ्चित कोष व्यवस्थापन प्रणाली	१५००	१२२५
प्रशिक्षार्थी कुल वहादुर आङदम्वे स्थानिय सञ्चित कोष व्यवस्थापन प्रणाली	१५००	१२२५
जम्मा	९०००	७५५०

२५. **बिल विजक - २५।०७७।८।८** भ्रमण खर्च नियमावली, २०६४ को नियम २१ अनुसार भ्रमणमा खटिने कर्मचारी वा पदाधिकारीले भ्रमण प्रारम्भ गरेपछि तोकिएको ढाँचामा भ्रमण अभिलेख राख्नु पर्ने र भ्रमण गरी सकेपछि भ्रमण प्रतिवेदन र बिल भरपाई सहित पेश्की फछ्र्यौट तथा भुक्तानी व्यवस्था रहेको छ । कार्यालयले प्रविन हाङ योङहाङ २०७६।६।७ मा भद्रपुर देखि काठमाडौ भ्रमण गरेको हवाइ टिकट र वोर्डिङ पास बेगर रु. ५९०० खर्च लेखेको देखिएकोले हवाई टिकट र वोर्डिङ पास पेश गर्नुपर्ने रु. ५९००

संघ शसर्त

२६. **शिक्षकको तलब भत्ता निकासा -** ५।२०७६।०९।०७ शिक्षा नियमावली, २०५९ को नियम १७९ मा कुनै कामको लागि आबश्यकभन्दा बढी रकम माग गर्ने र निकासा दिने पदाधिकारीलाई कानून बमोजिम कारबाही गरी बढी निकासा वा खर्च भएको रकम असुल उपर गरिने उल्लेख छ । गाउँपालिकाले विष्णु मा.वि. को दोस्रो चौमासिकमा शिक्षिका मुनादेवी कडरीयाको मंसिर २०७६।८।२२ देखि २०७६।०९।३० सम्म अवकास पछिको भुक्तानी दोहोरो निकासा पठाएको पाईएकोले बढी निकासा असुल गर्नु पर्ने रकम रु. ५३८६१

२७.	**स्थानीय भत्ता भुक्तानी -** स्थानीय भत्ता प्रयोजनका लागि स्थान वर्गीकरण अनुसार देहायका स्वास्थ्य तर्फका कर्मचारीहरुलाई साउन, भदौ र असोज महिनाको स्थानीय भत्ता भुक्तानी गर्दा बढी भुक्तानी भएको रु.	२१०००

नाम	दर	भुक्तानी हुनु पर्ने	भुक्तानी भएको	बढी भुक्तानी
रविन खत्री	९५०	२८५०	१३३५०	१०५००
फुर्लामु शेर्पा	८३०	२४९०	१२९९०	१०५००

२८. **शिक्षक दरवन्दी र पदपूर्ति - गाउँपालिकाले पेश गरेको शिक्षक दरवन्दी र पदपूर्ति देहाय अनुसार रहेको छ ।**

क्र.सं.	विद्यालयको नाम	वडा नं.	शिक्षक दरबन्दि	पदपूर्ति	पदपूर्ति मध्ये		विद्यार्थी संख्या
					करार	राहत	
१	पवित्र आ.वि. ठिङ्गेपुर	१	२	२	०	०	२४
२	महाकाली आ.वि. पेरुङ्गे	१	१	०	०	०	०
३	सिंहकाली आ.वि. एकराते	१	२	२	०	१	१८
४	सिंहदेवी आ.वि. समरजुङ	१	५	५	०	१	९२
५	जनचेतना आ.वि. खर्कगाउँ	१	१	०	०	०	०
६	पूर्ण आ.वि. बिरूवा	१	२	२	१	१	४०
७	विष्णु मा.वि. च्याङथापु	१	१६	१५	४	२	३६४
८	इन्द्रावती आ.वि. सेरेजा	२	३	३	०	०	४३
९	सिदिङमा आ.वि. नेखेवा	२	१	१	०	०	१४
१०	सिद्धेश्वर आ.वि. नाम्रेक	२	०	०	०	०	०
११	वुद्ध मा.वि. नाम्रेक	२	१०	९	०	५	१७७
१२	जसोदा आ.वि. फलैंचा	२	१	१	०	०	२०
१३	सिंहकाली आ.वि. तिम्तिम्बु	२	५	५	०	१	१३६
१४	सूर्यकिरण आ.वि. साँगागाऊ	२	३	३	०	१	३५
१५	सुर्यप्रभात आ.वि. मुक्लाबु	२	२	२	०	१	४७
१६	नारायणी मा.वि. गंगावा	२	१०	८	०	३	१५९
१७	सूर्योदय आ.वि. सेपी	२	३	३	०	१	५०
१८	कृष्ण आ.वि. चिङमा	२	१	०	०	०	०
१९	तिम्मुपोखरी आ.वि. वर्मे	२	२	१	०	१	३
२०	गुसेश्वर मा.वि. ओयाम	३	१६	१५	४	०	३५८
२१	वुद्ध आ.वि. चोत्रोक	३	८	८	१	३	११५
२२	सिद्धेश्वरी आ.वि. वारेवुङ	३	५	५	०	२	४५
२३	इन्द्रावती आ.वि. सामाङ्खु	३	३	३	०	०	३२
२४	जनता आ.वि. बसन्तडाँडा	३	३	३	०	२	३४
२५	सिंहवाहिनी आ.वि. मुसेपा	३	२	२	०	०	१८
२६	धर्मभक्त आ.वि. भञ्याङ	३	३	३	०	१	२१
२७	जनज्योती आ.वि. फाक्लुङ	३	१	१	०	०	१८
२८	थर्पु मा.वि. थर्पु	४	१९	१८	५	१	५३४
२९	चन्द्रोदय आ.वि. देविस्थान	४	२	२	०	०	२९
३०	लेखनाथ आ.वि. साल्बोटे	४	२	२	०	०	१६

३१	जनकल्याण आ.वि. बरडाँडा	४	३	३	२	०	४१
३२	जनता आ.वि. खमारे	४	१	१	०	०	१६
३३	भानु आ.वि. याङसिबुङ	५	८	८	२	२	९७
३४	सरस्वती आ.वि. ऐंसेलुटार	५	३	३	०	०	५१
३५	जनचेतना आ.वि. ओखरबोटे	५	५	५	२	२	७६
३६	फक्ताङ्लुङ आ.वि. लुङबाङ्गो	५	१	१	०	०	२०
३७	सिरिसे आ.वि. सिरिसे	५	८	७	१	२	१३१
३८	चोलुङ आ.वि. कालोपानी	६	१	०	०	०	०
३९	गणेश मा.वि. चित्तोक	६	१६	१६	३	४	३११
४०	आगेजुङ आ.वि. बोझेधारा	६	४	४	१	०	३८
४१	पाथीभरा आ.वि. अर्चले	६	२	०	०	०	०
४२	शिक्षानिकेतन आ.वि. दारिम्बोटे	६	३	३	१	१	३०
४३	सरस्वती आ.वि. मुकुबुङ	६	२	२	१	०	३९
	जम्मा		१९१	१७७	२८	३८	३२९२

उपरोक्त शिक्षक दरबन्दी र पदपुर्ति एवम् विद्यार्थी सङख्या विश्लेषण गर्दा प्रति शिक्षक औषतमा १७ जना विद्यार्थी पढाउनु पर्ने अवस्था देखिएको, विद्यार्थी संख्याको तुलनामा शिक्षक दरबन्दी बढी भएको देखिएकोले गाँउपालिकाले शिक्षक दरवन्दी मिलानको कार्य यथाशिघ्र अगाडि बढाउनु पर्ने देखिन्छ ।

२९. **जडान प्रमाणित** - ३।०७७।३।२९ संघीय विशेष अनुदान खानेपानी सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३ मा सार्वजनिक निकायले खरिदको सम्झौता अनुसार बिल विजकको भुक्तानी गर्दा प्राविधिकको वास्तविक कार्यसम्पन्न नापजाँच प्रतिवेदन संलग्न राखी भुक्तानी दिनुपर्ने व्यवस्था छ । पालिकाले चिण्डे असिने वृहत खानेपानी योजनाको लागि पाईप खरिद खरिद गरेकोमा नापी किताबमा पाइप जडान भएको प्रमाण बेगर रु.१८६४३८४ भुक्तानी गरेको देखियो ।

३०. **बिल भरपाई लगायत कागजात पेश नभएको** - ८७।०७७।८।२० समानीकरण चालु आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ३६(३) मा खर्च गर्दा खर्चको बिलभरपाई सहित लेखा राख्नुपर्ने व्यवस्था छ । तर पालिकाले बैठक खर्च माइन्युट पेश नभएकोमा बैठक भत्ता रु.६००० खर्च लेखेकोले माइन्युट पेश गर्नु पर्ने रु. ६०००

समानीकरण पुंजीगत

रितपूर्बकको कर बिजक - मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १४ बमोजिम मूल्य अभिवृद्धि करमा दर्ता भएका फर्मसँग तोकिएको ढाँचाको कर बिजक लिई खरिद गर्नुपर्ने व्यवस्था छ । तर गाउँपालिकाले रितपूर्वकको कर बिजक बेगर देहायका निर्माण व्यावसायीलाइ मु.अ.कर रु. २५०९३४ भुक्तानी गरेकोले मू.अ.कर समायोजन गरेको प्रमाण पेश हुनुपर्ने रु. २५०९३४

भौ. नं. र मिति	विवरण	व्यवसायी	बिजक रकम	भ्याट रकम
५।०७६।८।१० समानीकरण पुंजीगत	कुलामुनि वि क टोल सडक उ स मार्फत भुक्तानी गरेकोमा भ्याटमा दर्ता भए पनि प्यान बिल जारी	चेतरत्न कन्स्ट्रक्सन प्रा लि	१०६७०७९	१३८७२०
७।०७६।८।२	सुर्य प्रभात नारायणी	धिमाल कन्स्ट्रक्सन	८६३१८५	११२२१४

समानीकरण पुंजीगत	मा वि सडक स्तोरन्नती उ स मार्फत भुक्तानी गरेकोमा भ्याटमा दर्ता भए पनि भरपाई मात्र रहेको				
जम्मा				२५०९३४	

३१.	**लागत अनुमान** – ३२।०७६।१०।०६ पुँजीगत समानीकरण, सार्वजनिक खरिद नियमावली २०६४ को दफा १० मा सार्वजनिक निकायले निर्माण कार्य गर्नु अघि स्वीकृत नर्म्सको प्रयोग गरी लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था छ। त्यस्तै सोही नियमावलीको दफा १२३ मा खरिद कार्य पछि बिल भरपाईको भुक्तानी दिदा प्राविधिक नापजाँच र वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी दिनुपर्ने व्यवस्था छ।तर पालिकाले अर्सिद पि सि वर्ल्डबाट भवन वायरिङ गरेकोमा लागत अनुमान र कार्यसम्पन्न प्रतिवेदन बेगर नै भुक्तानी दिएकोले अनियमित देखिएको रु.	४००१९०
	• **उपभोक्ता समितिमार्फत कार्य**	
३२.	**लागत सहभागिता** – पालिकाले आयोजना।कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्फबाट नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्ने, नगद सहभागिता तोकिएको अवस्थामा सहभागिता बापतको रकम सम्बन्धित स्थानीय तहको खातामा दाखिला गरी सो को भौचर प्राप्त भएपछि मात्र उपभोक्ता समितिसँग योजना सम्झौता गर्नुपर्दछ।तर पालिकाले लागत सहभागिता सहितका लागत अनुमान तयार गरेको देखिएन् । अतः नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्दछ ।	
३३.	**निर्माण व्यवसायीबाट काम गराएको** – सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७.१३(क) मा उपभोक्ता समितिले प्राप्त गरेको कुनै काम निर्माण व्यवसायीबाट गराएको पाइएमा सार्वजनिक निकायले उपभोक्ता समितिसँगको सम्झौता रद्द गरी त्यस्तो समितिलाई भविष्यमा कुनै किसिमको काम गर्न नदिने अभिलेख राखी निर्माण व्यवसायीलाई कालो सूचीमा राख्न सार्वजनिक खरीद अनुगमन कार्यालयमा सिफारिस गर्नुपर्ने उल्लेख छ । ग्रामीण सडक निर्माण गर्न सम्झौता गरेका उपभोक्ता समितिहरुले सडक निर्माणको काम निर्माण व्यवसायीलाई दिई निर्माण व्यवसायीले सडक निर्माण गरेको उल्लेख गरी जारी गरेको विजक कार्यालयमा पेश गरेको आधारमा उपभोक्ता समितिलाई भुक्तानी हुने गरेको देखिएको छ ।यसरी नियमको पालना नगरी प्रतिस्पर्धाबाट प्राप्त हुन सक्ने लाभलाई सिमित पार्ने र स्थानीय स्वामित्व ग्रहण गर्ने गरी आफै उपभोक्ता समितिवाट हुनु पर्ने कामलाई देहायका निर्माण व्यवसायीलाई दिने उपभोक्ता समितिलाई कारबाही गरी सडक निर्माणको काम प्रतिस्पर्धा गराइ सञ्चालन गरीनुपर्दछ ।	

भौ.नं. र मिति	योजनाको नाम	विवरण	रकम
६६।०७६।११।२८ पुँजीगत समानीकरण	पाथिभरा कृषि मो वाटो	सिरिजङ्गा निर्माण सेवा मार्फत गराएको	१७९९२४९
७७।०७६।१२।५ र १५४।०७७।३।३ पुँजीगत समानीकरण	दारिम्बा सिटिसे सुनुवार गोलाई ऐसेलु कालापानि	बि बि सी ईन्जिनियरिङ कन्स्ट्रक्सन कम्पनी प्रा लि मार्फत गराएको	३१०००००
९९।०७७।२।२ पुँजीगत समानीकरण	एफ एम चोक खिम्सेबुङ जानेसडक	बि बि सी ईन्जिनियरिङ कन्स्ट्रक्सन कम्पनी प्रा लि मार्फत गराएको	१००००००

	१८७।०७७।३।१८ पुँजीगत समानीकरण	च्याङथापु खोलाघारी चित्रे लामपोखरी सडक	हेमन माउण्डेन निर्माण सेवा मार्फत गराएको	२००००००	
	२२४।०७७।३।२६ पुँजीगत समानीकरण	शान्त गोलाई नारायणी मा वि तिम्बु पोखरी सडक निर्माण	क्यापीटल टेक्नोलोजी मल्टीप्रपोज कन्स्ट्रक्सन मार्फत गराएको	१५०००००	
	२३३।०७७।३।२७ पुँजीगत समानीकरण	बोझेनि नागि खेल मैदान	क्यापीटल टेक्नोलोजी मल्टीप्रपोज कन्स्ट्रक्सन मार्फत गराएको	११८९०६५	
	२५३।०७७।३।२९ पुँजीगत समानीकरण	कलैचा धिमाल लिम्बु पोखरी सडक निर्माण	हेमन माउण्टेन निर्माण सेवा मार्फत गराएको	१५०००००	
	७१।०७६।१२।३ पुँजीगत समानीकरण	ओयाम मान्द्रेनि हुदै इन्द्रावति जाने मो बाटो	काठमाडौं मल्टिपर्पोज कम्पनी प्रा लि मार्फत गराएको	२००००००	
	१९४।०७७।३।१९ पुँजीगत समानीकरण	निगाले ममरडाँग खोलाघारि मो बाटो	हेमन माउण्टेन निर्माण सेवा मार्फत गराएको	११०००००	
	३८।०७७।३।३० प्रदेश हस्तान्तरित कार्यक्रम	गोरुजुरे मेजरडाँडा तिम्बुपोखरी पर्यटकीय मो बाटो	काठमाडौं मल्टिपर्पोज कम्पनी प्रा लि मार्फत गराएको	८४६२४४	
	३४।०७७।३।२९ प्रदेश हस्तान्तरित कार्यक्रम	सेपी खेलमैदान निर्माण	क्यापीटल टेक्नोलोजी मल्टीप्रपोज कन्स्ट्रक्सन मार्फत गराएको	९७९५८५	
	३६।०७७।३।२९ प्रदेश हस्तान्तरित कार्यक्रम	फाक्लुङ मो बाटो बिरुवा पेरेङ्गे झार साधी मेमेश्ङ खण्ड विस्तार	काठमाडौं मल्टिपर्पोज कम्पनी प्रा लि मार्फत गराएको	२८७९९७५	
	८।०७७।२।७ प्रदेश हस्तान्तरित कार्यक्रम	ऐसेलुपाखे पागुने देउराली मो बाटो	क्यापीटल टेक्नोलोजी मल्टीप्रपोज कन्स्ट्रक्सन मार्फत गराएको	९७६५००	
	११।०७७।२।१९ प्रदेश हस्तान्तरित कार्यक्रम	फाक्लुङ्ग लामपोखरी सडक	बि बि सी ईन्जिनियरिङ कन्स्ट्रक्सन कम्पनी प्रा लि मार्फत गराएको	१४९४४३५	
	जम्मा			२२३६५०५३	

<table>
<tr><td>३४.</td><td>कार्यसम्पादन भन्दा बढी रकम भुक्तानी — ८।०७७।२।७ प्रदेश सरकार हस्तान्तरित कार्यक्रम सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३ को १(ख) मा सार्वजनिक खरिद कार्यको भुक्तानी गर्दा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा सम्झौता अनुसार भुक्तानी दिनु पर्ने व्यवस्था छ । तर पालिकाले ऐसेलु पाखे फागुने देउराली मोटरबाटो उपभोक्ता समितिलाई ठेक्का बिल अनुसार कार्यसम्पन्न मा उ स को योगदान घटाई रु. ९८०००० भुक्तानी हुनुपर्नेमा कन्टेन्जेन्सी समेत गरी रु. १०००००० भुक्तानी भएकोले बढि भुक्तानी भएको रकम असुल गरी स्थानीय सञ्चित कोषमा दाखिला गर्नुपर्ने रु.</td><td>२००००</td></tr>
<tr><td>३५.</td><td>पेश्की बाँकी – सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११३ अनुसार पेश्की रकमको फछ्र्यौट गर्दा सम्झौतामा उल्लेख भए बमोजिम प्रत्येक रनिङ्ग बिलबाट कट्टा गर्ने व्यवस्था छ सो व्यवस्था अनुसार देहाय अनुसारको वर्षान्तको पेश्की कानूनी व्यवस्थाको पालना गरी फछ्र्यौट हुनुपर्दछ ।
<table>
<tr><th>कार्यक्रमको नाम</th><th>पेश्की लिनेको नाम</th><th>पेश्कीको प्रयोजन</th><th>रकम</th></tr>
<tr><td>गाउँपालिका भवन निर्माण</td><td>महादेव खिम्ति अन्जना हिमतारा जे.भि.इटहरि</td><td>मोविलाइजेशन</td><td>५००००००</td></tr>
<tr><td>वडा कार्यालय भवन</td><td>हिमतारा आरके जे.भि.इटहरी</td><td>मोविलाइजेशन</td><td>१७०००००</td></tr>
<tr><td>जम्मा</td><td></td><td></td><td>६७०००००</td></tr>
</table></td><td></td></tr>
<tr><td>३६.</td><td>औषधी खरिद – स्थानीय तहले भौचर नं ७।२०७६।७।५ मा अमन फार्मेसीबाट रु. ४९९२४५।०० बराबरको औषधी खरिद गरेको तथा शिलबन्दी दरभाउ पत्र मार्फत ड्रग इन्टरनेशनल फार्मेसीबाट रु. १२६०४८४।०० बराबरको औषधी खरिद गरेको छ । लागत अनुमान तयार गर्दा अधिकतम खुद्रा मूल्यमा १५ प्रतिशत कम गरी लागत अनुमान तयार गरेको देखिन्छ। यस सम्बन्धि देखिएको व्यहोराहरु निम्नानुसार छनः</td><td></td></tr>
<tr><td>३६.१.</td><td>खरिद गर्न पूर्व लागत अनुमान तयार गर्दा सम्बन्धित स्वास्थ्य कार्यालयहरुको बाँकी मौज्दात एकिन नगरेको,</td><td></td></tr>
<tr><td>३६.२.</td><td>आपूर्ति हुने औषधी डब्लु.एच.ओ. सर्टिफाइड हुनुपर्ने औषधीको उत्पादन मिति, ब्याच नं र म्याद समाप्त मिति उल्लेख गरी सम्बन्धित विषय विज्ञबाट मुचुल्का उठाई राख्ने नगरेको तथा उक्त औषधी बिक्रीको लागि होइन खुलाएको प्रमाण समावेश नभएको,</td><td></td></tr>
<tr><td>३६.३.</td><td>आपूर्ति भएका औषधी एवम् सर्जिकल समान स्टोर दाखिला हुनुअघि स्पेशिफिकेशन अनुसार भए/नभएको नखुलाएको कारण औषधीको गुणस्तर र म्याद सम्बन्धमा एकिन गर्न सकिएन ।</td><td></td></tr>
<tr><td>३६.४.</td><td>औषधीको जिन्सी किताबमा आम्दानी बाँध्दा खरिद गरेको र जिल्लाबाट हस्तान्तरण भई आएको खुल्ने गरी व्यवस्थित रुपमा आम्दानी बाँध्ने नगरेको,</td><td></td></tr>
<tr><td>३६.५.</td><td>औषधीको खर्च घटाउदा माग फारामको आधारमा घटाउनु पर्नेमा एकमुष्ट घटाउने गरेको पाइयो ।</td><td></td></tr>
<tr><td></td><td>तसर्थ, औषधीको खरिद, आपूर्ती, दाखिला तथा खर्चको विवरण अद्यावधिक हुने गरी अभिलेख राख्ने, तोकिएको गुणस्तर अनुसारकै औषधी प्राप्त भएको नभएको एकिन गरी हस्तान्तरण तथा खरिद गरिएको औषधीको विवरण खुल्ने गरी अभिलेख राख्ने तथा आर्थिक वर्षको अन्त्यमा बाँकी रहेको औषधीहरुको जिम्मेवारीलाई जिन्सी अभिलेख खातामा व्यवस्थित गर्नेतर्फ ध्यान दिनुपर्दछ ।</td><td></td></tr>
<tr><td>३७.</td><td>प्रधानमन्त्री रोजगार कार्यक्रम - स्थानीय तहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारी प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरीकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीय तहभित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । यस कार्यक्रम अन्तर्गत स्थानीय तहभित्रका वडाहरुमा सडक नाला, मोटर बाटो, इनार, प्रतिक्षालय निर्माण कार्य लगायतका कार्यक्रम सञ्चालन गरी यस वर्ष १५१ जनालाई रोजगारी उपलब्ध गराई रु.१४८३९५०।०० खर्च गरेको छ । लक्षित वर्गलाई कूल २२८३ दिनसम्म रोजगारी उपलब्ध गराई श्रमिक ज्याला, प्रशासनिक र कार्यक्रम खर्च समेत खर्च</td><td></td></tr>
</table>

	लेखेका छन् । उक्त खर्चबाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सिर्जना भएता पनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सिर्जना भएको देखिंदैन ।यस कार्यक्रम अन्तर्गत भएका प्रमुख कार्य रोजगरी सिर्जना भएको अवधि रोजगार पाउनेको संख्या र खर्च समेत समावेश गरी अनिवार्य रुपमा प्रतिवेदनमा समावेश गर्ने ।	
३८.	**सार्वजनिक परीक्षण -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ बमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी, दिगो र भरपर्दो बनाउन कार्यक्रमको सामाजिक परीक्षण अन्तरगत सार्वजनिक परीक्षण र सार्वजनिक सुनुवाई गर्नुपर्ने व्यवस्था बमोजिमको कार्य भएको पाइएन । सार्वजनिक परीक्षणको अभावमा आर्थिक कारोबारमा जवाफदेहिता र पारदर्शिता को प्रवर्द्धन गर्ने कार्यमा बाधा पर्ने देखिन्छ ।	
३९.	**गुणस्तर परीक्षण -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११५(१) अनुसार सार्वजनिक निकायले आपुर्ति गरेका मालसामान सम्झौतामा उल्लेखित प्राविधिक स्पेशिफिकेसन र गुणस्तर बमोजिम भए नभएको निरीक्षण वा परीक्षण गर्नु गराउनु पर्ने व्यवस्था छ । स्थानीय तहले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गरेको पाइएन ।	
	सामाजिक सुरक्षा कार्यक्रम	
४०.	सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ ले लाभग्राहीको नाम दर्ता र नवीकरण, लगतकट्टा तथा भत्ता वितरण लगायत यससँग सम्बन्धित विविध व्यवस्थाहरु गरेको छ । यस वर्ष पालिकाले रु. ४०४७४६०० सामाजिक सुरक्षा भत्ता वितरण गरेकोमा देखिएका व्यहोराहरु देहाय बमोजिम छन् ।	
४१.	**वितरण व्यवस्था -** सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ को दफा १६ मा पालिकाले प्रथम चौमासिक भत्ता असोज १ गतेबाट दोश्रो हप्ताभित्र, दोश्रो चौमासिक माघको १ गतेबाट दोश्रो हप्ताभित्र र तेश्रो चौमासिक जेठको १ गतेबाट दोश्रो हप्ताभित्र भूक्तानी गरी सक्नुपर्ने व्यवस्था भएकोमा पालिकाले यस वर्ष प्रथम चौमासिकको रकम असोज ८, दोश्रो फागुन ३० र तेश्रो असार ३१ गते निकाशा गरेको देखियो । कार्याविधिले तोकेको समयमा नै लाभग्राहीलाई भत्ता वितरण गर्नुपर्दछ ।	
४२.	**पारदर्शिता -** सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ को दफा ३३(घ) बमोजिम पारदर्शिता प्रवद्धनका लागि सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लागग्राहीहरुको नाम नामेसी सम्बन्धित स्थानीय तहले आफ्नो वेभ साइटमा राख्ने व्यवस्था भए पनि पालिकाले आफ्नो वेभसाइटमा राखेको देखिएन ।	
४३.	**निरीक्षण तथा अनुगमन -** सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ को दफा २७ बमोजिम नेपाल सरकारको संघीय मामीला तथा सामान्य प्रशासन मन्त्रालयले नियमित, केन्द्रीय पञ्जीकरण विभागले बिशेष सूचक बनाइ तथा जिल्ला समन्वय समितिको कार्यालयले भत्ता वितरण कार्य प्रक्रियाको निरीक्षण तथा अनुगमन गर्नुपर्ने व्यवस्था भएतापनि यस वर्ष सम्बन्धित निकायले कार्यविधि अनुसार अनुगमन तथा निरीक्षण गरेको पाइएन ।	
४४.	**सार्वजनिक सुनुवाई -** सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ को दफा ३५ बमोजिम वडा समितिले प्रत्येक चौमासिकमा कम्तीमा एक पटक सामाजिक सुरक्षा कार्यक्रम सम्बन्धमा सार्वजनिक सुनुवाई गर्नुपर्ने उल्लेख भएतापनि सार्वजनिक सुनुवाई गरी जनगुनासो सम्बोधन गरेको छैन । कार्यविधिले तोकेको समयमा सार्वजनिक सुनुवाई गर्नु पर्दछ ।	
४५.	**बैंकमार्फत भुक्तानी -** सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ को दफा २२ बमोजिम सामाजिक सुरक्षा भत्ताको रकम बैंक मार्फत मात्र लाभग्राहीको खातामा उपलब्ध गराउनु पर्ने व्यवस्था भएतपनि यस आर्थिक वर्षसम्म यस पालिकाले हातहातै भत्ता रकम वितरण गरेको पाइयो । यसले कार्यविधिको पालना गरेको पाइएन ।	

४६.	**एम.आई.एस. मा प्रविष्टि** - सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ को दफा १० बमोजिम स्थानीय तहले भत्ता पाउने लाभग्राहीहरुको अनुसुची ५ बमोजिमको मूल अभिलेख अद्यावधिक गरी प्रत्येक वडा कार्यालयमा राख्नुपर्ने व्यवस्था छ । साथै लाभग्राहीको तोकिए बमोजिमको विवरण निर्दिष्ट समयभित्र एम.आई.एस. मा प्रविष्टि गर्नुपर्नेछ भन्ने व्यवस्था छ । कार्यालयले एम.आई.एस. अभिलेख राखेको देखिएन ।	
४७.	सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ को दफा २५(क) बमोजिम बैंकले लाभग्राहीको खातामा रकम जम्मा भएको स्पष्ट देखिने गरी लाभग्राहीको नाम, बैंक खाता नं. र जम्मा भएको रकम सहितको विवरण चौमासिक रुपमा सम्बन्धित स्थानीय तहलाई विद्युतीय माध्यममा अनिवार्य रुपमा पठाउनुपर्नेमा यो आ.व.मा बैंक मार्फत कारोवार नै गरेको पाइएन ।	
४८.	सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन निर्देशिका २०७५ को दफा ९ मा सामाजिक सुरक्षा कार्यक्रमलाई प्रभावकारी रुपमा सञ्चालन गर्न नियमित रुपमा अनुगमनको व्यवस्था गरेको छ । सो बमोजिम पालिकाले कसैले दोहोरो हुनेगरी र सरकारी सुबिधा लिने व्यक्तीले भत्ता लिए नलिएको सम्बन्धमा अनुगमन गरी प्रतिवेदन दिएको देखिएन । सामाजिक सुरक्षा भत्ताको दुरुपयोग हुन नदिन पालिका स्तरीय अनुगमन संयत्रलाई प्रभावकारी बनाउँदै तोकिए बमोजिम भत्ता वितरण र लगत अद्यावधिक गर्ने कार्यमा विशेष ध्यान दिनुपर्ने देखिन्छ ।	
४९.	**कोरोना कोष तर्फ** – कोभीड १९ को व्यवस्थापन गर्न रु. २४२५४६० आम्दानी गरेकोमा विभिन्न कार्यमा रु. १८१५५२२ खर्च भई रु. ६०९९३८ मौज्दात रहेको पाइयो । कोरोना रोकथाम तथा उपचारमा खर्च गर्दा प्रचलित सार्वजनिक खरिद एन २०६३ र नियमावली २०६४ को पालना गरी खर्च गर्ने तर्फ पालिका सम्बद्ध सबै पक्षको ध्यान जानु आवश्यक देखियो ।	
५०.	**डीपीआर खर्च** — बजेट व्यवस्था भई कार्यान्वयन हुने आयोजनाको मात्र गुरुयोजना डीपीआर लगायतको अध्ययन गरी प्रतिवेदन तयार गर्नु पर्दछ । यस स्थानीय तहले यो वर्ष स्वीकृत बार्षिक कार्यक्रम अनुसार देहायबमोजिमको कार्य परामर्शदाताबाट गराई प्रतिवेदन प्राप्त गरको छ ।	

क्र.सं.	कार्यक्रमको नाम	परामर्शदाता	स्वीकृत बजेट	खर्च रकम	अध्ययनबाट निर्धारण भएका आयोजनाको लागत
१	चरिभन्ज्याङ आहालटार,सन्तगोलाइ बरडाँडा सडक	राप्तिमेची इन्जिनियरिङ कन्सल्टेन्सी	१००००००.०	१००००००.०	९५०००००००
२	दारिम्वा सिरिसे सुनुवार गोलाइ रसेपी चिडमा सडक	राप्तिमेची इन्जिनियरिङ कन्सल्टेन्सी	१००००००.०	१००००००.०	१३५००००००००
३	बोफ्नेनी खेलमैदान	राप्तिमेची इन्जिनियरिङ कन्सल्टेन्सी	६०००००.०	६०००००.०	२१०००००००
४	केरावारी लुम्वुठोट्ने निगाले प्राङवुङ खापा	सन वजार प्रा.लि.	५०००००.०	४९९८८९.०	१५५०००००
५	वास्तोला माझीधारा सिम्ले याङसिवुङ र इम्वुङ खापायो	सिभिलसेल इन्जिनियरिङ कन्सल्टेन्सी	५०००००.०	४५००००.०	१५००००००
	जम्मा		३६०००००	३५४९८८९	२५४०५०००००

डी.पी.आर.तयार गर्दा गाउँपालिकाको प्राविधिक जनशक्ति प्रयोग नगर्नाको कारण स्पष्ट गर्दै आगामी दिनमा आगामी दिनमा गाउँपालिकाको प्राविधिक जनशक्तिबाट यस्तो कार्य गराउनु पर्दछ । साथै यसरी अध्ययन प्रतिवेदन तयार भएका आयोजनाहरु कार्यान्वयनमा गएको समेत नदेखिएकोले खर्चको सार्थकता समेत देखिएन ।

५१.	**कन्टिन्जेन्सी खर्च —** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० अनुसूची १ अनुसार कन्टिन्जेन्सी खर्चको व्यवस्था गरेको छ । मिति २०७०।१।१५ को नेपाल सरकारको निर्णय अनुसार कन्टिन्जेन्सीमध्ये ६०% चालु प्रकृतिको र ४०% पुँजिगत प्रकृतिको खर्च गर्नुपर्ने व्यवस्था छ । कार्यालयले कन्टिन्जेन्सी खर्चको लगत राखी नगरी नहुने खर्चमा मात्र कन्टिन्जेन्सीबाट खर्च गर्नुपर्ने व्यवस्था मिलाउनुपर्दछ ।	
५२.	**बेरुजू सम्परीक्षण** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८४(२) (घ) र आर्थिक कार्यविधि ऐन, २०५५ को दफा १९ र २० अनुसार बेरुजूको लगत राख्ने र फछ्र्यौट गरी सम्परीक्षण गर्ने दायित्व जिम्मेवार व्यक्तिको हुने व्यवस्था छ ।गाउँपालिकाले बाँकी बेरुजू मध्ये डोर समक्ष सम्परीक्षणको लागि रु.४३१८००० पेश गरेकोमा रु. ४३१८००० सम्परीक्षण गरी जानकारी दिईएको छ ।	

आ.व.	दफा नं.	विवरण	संपरीक्षण रु.
२०७३।७४	६.१	पेश्को फछ्र्यौट प्रमाण पेश	१५५०००.००
२०७५।७६	६६	चौवन्दी कन्ष्ट्रक्सन प्रमाण पेश	१०८१०००.००
२०७३।७४		नारायणि मा वि भवन निर्माण दाखिला प्रमाण पेश	१७०००००.००
२०७३।७४	५४.१	गणेश मा वि नियुक्ति पत्र पेश	६५००००.००
२०७३।७४	५४.२	सिंहकाली आधारभुत विद्यालय प्रमाण पेश	२४४०००.००
२०७३।७४	५४.२	सिद्देश्वरी आधारभुत विद्यालय प्रमाण पेश	२४४०००.००
२०७३।७४	५४.२	जनचेतना आ वि प्रमाण पेश	२४४०००.००
		जम्मा	४३१८०००.००

५३.	**अनुगमन** - गत वर्षको प्रतिवेदनमा आयोजना कार्यान्वयन, सोझै खरिद, बिल भरपाई, स्रेस्ता पेस नभएको, बैंक समायोजन, अग्रिम कर, बढी भुक्तानी, अधुरो निर्माण, नभएको कामको भुक्तानी, कर बिजक, सवारी साधन खरिद, ठेक्का स्वीकृति लगायतका व्यहोरा औंल्याइएकोमा यो वर्ष पनि सुधार गरेको पाइएन ।	
५४.	**सञ्चित कोष र बेरुजुको अद्यावधिक स्थिति** - पालिकाको सञ्चित कोषको स्थिति, बेरुजु वर्गीकरण र बेरुजुको अद्यावधिक स्थिति क्रमश अनुसुची १, २ र ३ मा रहेको छ ।	

याङवरक गाउँपालिका, पाचँथरको सञ्चित कोष विवरण

अनुसुची १

२०७६।७७

(रु.हजारमा)

स्थानीय तह	जिल्ला	लेखापरीक्षण रकम	बेरुजू रकम	प्रतिशत	आय						व्यय				मौज्दात बाँकी
					गतवर्षको जिम्मेवारी	संघ तथा प्रदेश अनुदान	राजस्व बाँडफाँट रकम	आन्तरिक आय	अन्य आय	जम्मा आय	चालु खर्च	पूंजीगत खर्च	अन्य खर्च	जम्मा खर्च	
याङवरक गा पा	पाचँथर	७२१५८०	८०९	०.११	५४९	२७३०२८	४५८५०	२०२२	५१९३७	३७२८३७	१८२२७७	१२०११४	४५८०३	३४७६४५	२५७४१

बेरुजु वर्गिकरण (विनियोजन, राजश्व, धरौटी र अन्य कारोबार)

अनुसुची २

२०७६।७७

(रु.हजारमा)

स्थानीय तह	जिल्ला	प्रारम्भिक बेरुजू			प्रतिक्रियाबाट फछ्र्यौट			बाँकी बेरुजू			बाँकी बेरुजू								
		दफा संख्या		रकम	दफा संख्या		रकम	दफा संख्या		रकम	असुल गर्नुपर्ने	नियमित गर्नुपर्ने					पेश्की		
		सैद्धान्तिक	लगती		सैद्धान्तिक	लगती		सैद्धान्तिक	लगती			अनियमित भएको	प्रमाण कागजात पेश नभएको	राजश्व लगत जिम्मेवारी नसारेको	सोधभर्ना नलिएको	जम्मा	कर्मचारी	अन्य	जम्मा
याङवरक गा पा	पाचँथर	४३	१३	३०२९६	०	६	२९४८७	४३	७	८०९	१४६	०	६६३	०	०	६६३	०	०	०

अद्यावधिक बेरुजु स्थिति

अनुसुची ३

२०७६।७७

(रु.हजारमा)

स्थानीय तह	जिल्ला	गत बर्ष सम्मको वाँकी वेरुजु	समायोजन	सं.प.को लागि अनुरोध भइ आएको रकम	संपरीक्षण भएको रकम	संपरीक्षण गर्न नमिलेको रकम	कारवाही गर्न बाँकी रकम	गत वर्षसम्मको वाँकी रकम	सं.प.बाट कायम बेरुजु रकम	यो वर्षको थप रकम	५८ औं प्रतिवेदन सम्मको वाँकी वेरुजु	५८ औं प्रतिवेदन सम्मको वाँकी वेरुजु मध्ये पेश्की
याङवरक गा पा	पाचँथर	२२९४२	३०५६	४३१८	४३१८	०	०	०	२१६८०	८०९	२२४८९	६९५७